# पाल्हीनन्दन गाउँपालिका

# स्थानीय राजपत्र

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पाल्हीनन्दन गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## गा.पा.शिक्षण सिकाई सहयोग अनुदान शिक्षक/कर्मचारी/बालविकाससहजकर्ता व्यवस्थापन कार्यविधि-२०८२

स्वीकृत मिति: २०८२/०५/१६

पाल्हीनन्दन गाउँपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा शुन्य दरवन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाई मध्ये नजर गरी शिक्षकको मागलाई पुर्ति गर्न गाउँपालिका अनुदान शिक्षक/कर्मचारी छनौटको मापदण्ड निर्धारण ,परीक्षा संचालन, नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौटगरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका शि.सि.स.अनुदान शिक्षक/कर्मचारी/बालविकाससहजकर्ता व्यवस्थापन कार्यविधि,२०८२ जारी गरिएको छ।

### परिच्छेद -१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम गाउँपालिका शिक्षण सिकाई सहयोगअनुदान शिक्षक/कर्मचारी/बालविकाससहजकर्ताव्यवस्थापन कार्यविधि,२०८२ रहेको छ र यो कार्यविधि गाउँसभाले पारित गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पुर्व प्राथमिक विद्यालय" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पुर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ।

(ख) प्राथमिक शिक्षा भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ग) निम्न माध्यमिक शिक्षा भन्नाले कक्षा ६ देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

CamScanner

(घ) माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको पाल्हीनन्दन गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) "धार्मिक" विद्यालय भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा,गुम्बा,गुरुकुल,आश्रम र मदरसा जस्ता विद्यालयहरुलाई जनाउँदछ ।

(ज) " छनौट समिति" भन्नाले नियम १२ बमोजिम गठन हुने गाउँपालिका शि.सि.स. अनुदान शिक्षक/कर्मचारी छनौट समितिलाई सम्झनु पर्छ ।

(झ) "प्रधानाध्यापक" भन्नाले पाल्हीनन्दन गाउँशिक्षा नियमावली,२०८१ को नियम ४८ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ञ) "प्रमुख"भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) "व्यवस्थापन समिति" भन्नाले पाल्हीनन्दन गाउँशिक्षा ऐन,२०८१को दफा ६२ बमोजिम गठन विद्यालय व्यवस्थापनसमिति सम्झनु पर्छ ।

(ड) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षाप्रशासन समुहको छैठौं,सातौंतहको अधिकृत वा शिक्षा प्रशासनसमुहको रा.प.तृतीय अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "शिक्षा युवा तथा खेलकुद शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद हेर्ने शाखालाई सम्झनु पर्छ ।

(ण) "शिक्षक सेवा आयोग" भन्नाले संघिय कानुन बमोजिम गठनभएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि कार्य गर्ने आयोगलाई सम्झनु पर्छ ।

(त) "प्राथमिक गाउँपालिका शि.सि.स. अनुदान शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित गाउँशिक्षा समितिबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने गाउँपालिका शि.सि.स. अनुदान शिक्षक सम्झनु पर्छ ।

(थ) "निम्नमाध्यमिक गाउँपालिका शि.सि.स. अनुदान शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित गाउँशिक्षा समितिबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको निम्न माध्यमिक तहमा अध्यापन गर्ने गाउँपालिका शि.सि.स. अनुदान शिक्षक सम्झनु पर्छ ।

CS CamScanner

(द)"माध्यमिक गाउँपालिका शि.सि.स. अनुदान शिक्षक" भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित गाउँशिक्षा समितिबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको माध्यमिक तहमा अध्यापन गर्ने गाउँपालिका शि.सि.स. अनुदान शिक्षक सम्झनु पर्छ।

(ध) "कर्मचारी" भन्नाले विद्यालयलाई सशर्त अनुदानबाट प्राप्त दरबन्दी र विद्यालयको आवश्यकता अनुसार गाउँपालिकाले वा विद्यालयले अनुदान कोटा सिर्जना गरी कार्यरत कम्प्युटरअपरेटर, कार्यालय सहायक(लेखापाल), कार्यालय सहयोगी, लाइब्रेरियन, सहायकलाइब्रेरियनचौकीदार र स्विपर लाई सम्झनु पर्छ।

(न) "विषय विशेषज्ञ" भन्नाले गाउँपालिका अनुदान शिक्षक छनौट परीक्षा संचालनका लागि शिक्षा विकास तथा समन्वय इकाई नवलपरासी पश्चिममा सुचिकृत भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई सम्झनु पर्छ।

(प) "गाउँसभा" भन्नाले संघिय कानुन बमोजिम गठन भएको पाल्हीनन्दन गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ।

(फ) " सम्बन्धित निकाय" भन्नाले गाउँपालिका,शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश/शिक्षा निर्देशनालयलाई प्रसंग अनुसार सम्झनु पर्छ।

(ब) अन्य शब्द,नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार सम्झनु पर्छ।

## परिच्छेद-२

## दरबन्दी सिर्जना,योग्यता र छनौट तथा नियुक्ति प्रक्रिया

**३. गाउँपालिका अनुदान शिक्षकको अनुदान कोटा सिर्जना गर्न सक्ने:** (क) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँशिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले बालविकास सहजकर्ता,प्राथमिक शिक्षक, निम्न माध्यमिकशिक्षक, माध्यमिक शिक्षक ,उच्च माध्यमिक शिक्षक र विद्यालय कर्मचारीहरुको गाउँपालिका अनुदान कोटा सिर्जना गर्न सक्नेछ।

(ख) गाउँपालिका अनुदान शिक्षकको कोटा वितरण देहाय बमोजिम मापदण्डको आधारमा वितरण गरिनेछ।

(१) शुन्य दरबन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने

(२) एउटा मात्र दरबन्दी भएको विद्यालयलाई थप गर्ने

(३) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

(४) आधारभूत तह (६-८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिने छ।

(५) कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा गाउँशिक्षा समितिले निर्णय गरी अनुदान कोटा वितरण गर्न सक्नेछ।

CamScanner

(६) गाउँपालिका अनुदान शिक्षकको लागि गाउँकार्यपालिकाले सिर्जनागरेको अनुदान कोटा संख्याकोआधारमा विद्यालयहरुको छनौट र तलबभत्ता समेतको निर्धारण गाउँशिक्षा समितिको बैठकबाट गरिनेछ।

**४. गाउँपालिका अनुदान शिक्षकको योग्यता तथा तालिम सम्बन्धि व्यवस्था:** नियम ३ बमोजिम सिर्जना भएका प्रा.वि.,नि.मा.वि.,मा.वि. रउच्चमा.वि. तहकोशिक्षकपदमा दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता तथा तालिम सम्बन्धित तहका लागि शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली,२०५७ संसोधन सहितमा तोकिए बमोजिम हुनेछ साथै विद्यालय कर्मचारी र बालविकास सहजकर्ता को शैक्षिक योग्यता गाउँशिक्षासमितिले तोके बमोजिम हुनेछ।

**५. उम्मेदवारको अयोग्यता:** देहायका व्यक्तिहरु गाउँपालिका अनुदान शिक्षकको पदमा उम्मेदवार हुनका लागि योग्य हुन सक्ने छैन्न।

(क) गैर नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको,

(ग) मगज बिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) सम्बन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,

(छ) अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

तर नि.मा.वि. र मा.वि. तहमा अंग्रेजी,गणित र विज्ञान विषयको हकमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त गरेको व्यक्ति दरखास्त नदिएको खण्डमा अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको तर न्युनतम शैक्षिक योग्यता पुगेको व्यक्ति पनि तेस्रो पटकको विज्ञापनमा उम्मेदवार हुन योग्य मानिने छन । पहिलोपटककोसूचना१५दिनको र त्यस पछिको थप सुचनाहरु ७/७दिनकोमात्रहुनेछ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मुल्यांकन प्रक्रिया:**प्रा.वि., नि.मा.वि., मा.वि. रउच्चमा.वि. शिक्षकको परिक्षाको पाठयक्रम, परीक्षण प्रणाली तथा मुल्यांकन प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ साथैविद्यालयकर्मचारीरबालविकाससहजकर्ताकोपरीक्षाकोपाठ्यक्रम,परीक्षणप्रणालीतथामुल्यांकनप्रक्रियागाउँशिक्षासमितिले तोकेबमोजिमहुनेछ।

**७.गाउँपालिका अनुदान शिक्षक पदपूर्ति:** गाउँपालिकाबाट अनुदानको रकम, अनुदान कोटा र तोकिएको मापदण्ड अनुसार विद्यालयको छनौट भई सकेपछि विद्यालयको आवश्यकता अनुसारको विषयको शिक्षक पद खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्नु पर्नेछ।

**८. गाउँपालिका अनुदान शिक्षक छनौट सम्बन्धि व्यवस्था:** गाउँपालिका अनुदान शिक्षक छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका शिक्षक छनौट गर्न कम्तिमा १५ दिनको म्याद दिई शिक्षक छनौट समितिले सूचना प्रकाशन गर्नेछ । उक्त सूचना गाउँपालिकाको सूचनापाटी, website,वडा कार्यालयहरु र सम्बन्धित विद्यालयमा सूचना टाँस गरिनेछ ।

(ख) योग्यता पुगेका इच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फारम भरी गाउँपालिकामा तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ ।

(ग)नियम ८ (क) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानबिन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराइने छ ।

(घ) गाउँपालिका अनुदान शिक्षक नियुक्तिका लागि शिक्षा विकास तथा समन्वय ईकाइ,नवलपरासी र गा.पा.मा सुचिकृत विषय विज्ञहरुबाट परीक्षासंचालनहुनेदिननैविषयविज्ञबाट प्रश्नपत्र निर्माण गराइनेछ।

(ङ) माथिल्लो तहको विज्ञलाई तल्लो तहको विज्ञको रुपमा पनि प्रयोग गर्न सकिनेछ ।

(च) शिक्षक छनौट समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहनेछ ।

(झ) शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षा पद्दति अनुरुप गाउँपालिका अनुदान शिक्षकहरुको छनौट हुनेछ ।

**९. परीक्षा संचालन, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धि व्यवस्था:**

(क) विषयगत विज्ञापन भएता पनि विषयगत र विद्यालयगत प्रतिस्पर्धा हुने गरी तहगत रुपमा सबै विषयको उम्मेदवारको परीक्षा एकैचोटि गर्न सकिनेछ ।

(ख) शिक्षक छनौट समितिले लिने लिखित परीक्षाको सामान्य परीक्षा ( प्रथम चरण ) को पुर्णाङ्क १०० , विषयगत परीक्षा ( द्वितीय चरण ) को पुर्णाङ्क १०० , अन्तर्वार्ता २५ र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा २५ अंकक हुनेछ ।साथै सामान्यपरिक्षामा कम्तिमा ५० अंक ल्याई उत्तीर्ण भएकालाई मात्र विषयगत परीक्षामा सामेल गराइनेछ।विषयगतपरीक्षाको उत्तिर्णाङ्क ४० हुनेछ । तर लिखित परीक्षाको नतिजा प्रकाश नगर्दा सामान्य परीक्षाको प्राप्तांकको ५०% अंक मात्र गणना गरिनेछ ।

(ग) लिखित परीक्षाका लागि आवश्यक परीक्षा केन्द्रमा नै शिक्षक छनौट समितिको रोहबरमा विषय विशेषज्ञ द्वारा निर्माण गराइने छ।

(घ) नियम ९ (ग) अनुसारको प्रश्नपत्र शिक्षक छनौट समितिका सदस्यका रोहबरमा गोप्य रुपमा फोटोकापी गरी परीक्षा संचालन गरिनेछ ।

(ङ) शिक्षा अधिकृत वा निजले तोकेको अधिकारीको रोहबरमा सम्बन्धित परीक्षा केन्द्र वा गाउँपालिकाको हातभित्र सम्बन्धित विषय विज्ञद्वारा उत्तर पुस्तिका परीक्षण गराइनेछ ।

(च) उत्तरपुस्तिकाहरुमा कोडीङ, डीकोडीङ गर्ने कार्य शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख गर्नेछन ।

(छ) अन्तर्वार्ताको अंक विभाजन शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनौटका लागि तोके बमोजिम हुनेछ ।

(ज) छनौट प्रक्रिया सम्बन्धी सबै निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ ।

(झ) परीक्षा संचालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झूठा विवरण पेश गरेमा र उम्मेदवारका विच निष्पक्ष व्यवहार नगरेमा निजलाई छनौट समितिबाट हटाई शिक्षाविकास तथा समन्वय इकाइ,नवलपरासी वा गा.पा.को विज्ञको सूचीबाट हटाउन सिफारिसगरिनेछ।

**१०. परीक्षा संचालनको खर्च व्यवस्थापन सम्बन्धमा:**परीक्षा संचालनको खर्च व्यवस्थापन  देहाय बमोजिम हुनेछ ।

(क) छनौट समितिका पदाधिकारी वा विज्ञले प्रति बैठक रु. १५००/- भन्दा बढी पारिश्रमिक लिन पाउने छैनन् । साथै केन्द्राध्यक्षको पारिश्रमिक, प्रश्नपत्र निर्माण, मोडरेशन, उत्तरपुस्तिका परीक्षण- सम्परीक्षण वापत समितिले तोकेको/ प्रचलित नार्म्स अनुसारको पारिश्रमिक दिन सकिनेछ ।

(ख) उम्मेदवारले गाउँ शिक्षा समितिले तोकेको शुल्क गाउँपालिकामादरखास्तदिंदाबुझाउनुपर्नेछ।

(ग) परीक्षा सम्बन्धी शुल्कबाट जम्मा भएको रकमले शिक्षक छनौट परीक्षा संचालनका लागि प्रचलित नर्म्स अनुसारको रकम नपुग भएमा गाउँपालिकाबाट भुक्तानी गरिनेछ ।

(घ) शिक्षक छनौट परीक्षा संचालन र व्यवस्थापकीय कार्यका सम्बन्धमा गाउँ शिक्षा समितिले अनुगमन गरी समितिलाई आवश्यक सुझाव दिन सक्नेछ ।

**११. नियुक्ति:** गाउँपालिका अनुदान शिक्षक/कर्मचारी/बालविकाससहजकर्ताहरुको नियुक्ति देहाय बमोजिम हुनेछ ।

(क) शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक आर्थिक वर्षको लागिकरारको रुपमा विद्यालय तोकी प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछन्।

(ख) गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएको खण्डमा अर्को आर्थिक वर्षका लागि नियुक्तिको म्याद थप गर्न सकिनेछ । तर एक पटकमा एक आर्थिक वर्ष भन्दा बढी समयका लागि म्याद थप गर्न सकिने छैन ।

(ग) सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तिको लागि सूचना प्रकाशित भएको ७ दिन भित्र नियुक्ति लिई सक्नु पर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई  नियुक्ति दिइनेछ ।

(घ) सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार दिइनेछ ।

(ङ) गाउँपालिका अनुदान शिक्षकको परीक्षणकाल ६ (छ) महिनाको हुनेछ ।

CamScanner

**१२. छनौट समितिः** गाउँपालिकाको अनुदानबाट शिक्षक/कर्मचारीको पदपूर्ति गर्नका लागि गाउँपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख - सदस्य

(ग) गाउँपालिका अध्यक्षले तोकेको १ जना कर्मचारी/शिक्षक -सदस्य

(घ) विषय विशेषज्ञ २ जना - सदस्य

छनौट समितिमा गा.पा.अध्यक्ष र उपाध्यंक्षलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

{दफा १२ (घ) बमोजिमको २ जना विषयविज्ञको छनौट नियम १२ बमोजिमको छनौट समितिले गाउँपालिका अध्यक्षको रोहबरमा गोला प्रथाद्वारा गर्नेछ}

**१३. छनौट समितिको काम कर्तव्य र अधिकारः** छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) दरखास्त फारमहरू दर्ता तथा संकलन गर्ने/ गराउने

(ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने

(ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने

(घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने

(ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

(च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने

(छ) अन्तर्वार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तर्वार्ता लिने

(ज) लिखित र अन्तर्वार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

(झ) नियुक्तिका लागि सिफारिस गर्ने

(ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधि अवलम्बन गर्ने

CamScanner

परिच्छेद-३

## तलब भत्ता र विदा

**१४. तलब भत्ताः** गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकले गाउँपालिकाले तोके अनुसारको तलब भत्ता अनुदानको रुपमा मासिक वा त्रैमासिकरुपमा पाउनेछन।

**१५. विदाः** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले देहाय बमोजिमको विदा सहुलियत पाउनेछन।

(क) गाउँपालिका अनुदान शिक्षकले वर्ष भरीमा भैपरी विदा ६ दिन, पर्व विदा ६ दिन, विरामी विदा १२ दिन, किरिया विदा १५ दिन तथा सुत्केरी विदा अघि वा पछि गरी ९८ दिन र प्रसुती स्याहार विदा १५ दिन पाउनेछन।

(ख) सुत्केरी विदा र प्रसुती स्याहार विदा सेवा अवधि भरीमा दुई पटक मात्र पाउनेछन।

(ग) विदामा बस्नु पर्दा विदा पुर्व स्वीकृत गराउनु पर्नेछ।

(घ) विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो वापतको रकम पाइने छैन।

(ङ) विदा सहुलियत हो अधिकार होइन।

परिच्छेद- ४

## शिक्षाको अचारसंहिता, सजाय र पुरस्कार सम्बन्धि व्यवस्था

**१६. आचारसंहितः** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकहरुको आचारसंहिता संघिय शिक्षा ऐन,२०२८ र नियमावली,२०५९ र पाल्हीनन्दन गाउँशिक्षा ऐन,२०८० र नियमावली,२०८० मा तोकिए बमोजिम हुनेछ।

**१७. सजायः** उचित र प्रयाप्त करण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहायबमोजिमको सजाय गर्न सकिनेछ।

(क) नसिहत दिने।

(ख) तलब रोक्का गर्ने।

(ग) आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने।

(घ) निश्चित समयको लागि निलम्बन गर्ने।

(ङ) सेवाबाट हटाउने वा बर्खास्त गर्ने।

**१८. नसिहत दिनेः** शिक्षकले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ।

CamScanner

**१९. तलब रोक्का गर्ने:** देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ।

(क) अनुशासनहीन काम गरेमा।

(ख) बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा।

(ग) बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहेमा।

(घ) विद्यालयको काम समयमा सम्पन्न नगरेमा।

(ङ) विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा।

(च) आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा।

(छ) मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा।

(ज) विद्यालयको गोपनियता भंग गरेमा।

(झ) शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता पालना नगरेमा।

**२०. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानीजानी लापरवाही गरी प्रचलित कानुन उल्लंघन गरी विद्यालयलाई हानि-नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको आंशिक वा पुरा निजकै तलबबाट कट्टा गरी असुल उपर गरिनेछ एवं तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ।

**२१. निश्चित समयको लागि निलम्बन गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जांच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ।

**२२. सेवाबाट हटाउने वा बर्खास्त गर्ने:** (१) देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ।

(क) आफ्नो पदीय जिम्मेवारी बहन नगरेमा।

(ख) मादक पदार्थ सेवन गरी विद्यालयमा आउने गरेको कुरा प्रमाणित भएमा।

(ग) विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी लगातार १५ दिन सम्म अनुपस्थितिको कारण गयल भएमा।

(घ) विद्यालयलाई हानि-नोक्सानी हुने कार्य बारम्बार गरेमा।

(ङ) पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा।

CamScanner

(च) अनुशासन तथा आचरण सम्बन्धि व्यवस्था बारम्बार उल्लंघन गरेमा ।

(छ) नैतिक पतन देखिने कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

(ज) मगज विग्रेमा ।

(झ) विद्यालयलाई असर पर्ने गरी तथा विद्यालय समयमा अन्य संस्थामा काम गरेमा ।

(२) देहायका अवस्थामा गाउँपालिकाको अनुदान बाट नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा ।

(ग) नोकरी पाउने उद्देश्यले जाली प्रमाण पेश गरेमा ।

**२३. सफाईको अवसर दिनुपर्ने:** सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि तोकिएको म्याद भित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ ।

**२४. सजाय गर्ने अधिकारी:** गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन ।

(क) शिक्षकलाई चेतावनी, नसिहत दिने, गयल कट्टा गर्ने प्र.अ. ।

(ख) तलब रोक्का गर्ने प्र.अ. को सिफारिसमा गाउँ शिक्षा अधिकारी ।

(ग) सेवाबाट हटाउने वा बर्खास्त गर्ने वि.व्य.स. को सिफारिसमा गाउँ शिक्षा समिति ।

## परिच्छेद- ५

## विविध

**२५. विविध:**

(क) यस गाउँपालिका शिक्षण सिकाई सहयोग अनुदान शिक्षक/कर्मचारी/ बालविका ससहजकर्ता व्यवस्थापन कार्यविधि,२०८१मा संशोधन गर्ने अधिकार गाउँकार्यपालिका मा रहनेछ ।

CamScanner

(ख) गाउँपालिका अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यकता अनुसार गाउँपालिकाले निरन्तरता दिन सक्नेछ ।

(ग) यो कार्यविधि जारि हुनुभन्दा पहिले नियुक्त भएका शिक्षक/कर्मचारी/ बालविकास कोटा यसै कार्यविधि बमोजिम नियुक्ति गरिनेछ।

(घ) यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा संघिय शिक्षा ऐन,२०२८ ,शिक्षा नियमावली,२०५९ र शिक्षक सेवा आयोग नियमावली,२०५७ अनुसार हुनेछ ।

(ङ) यस कार्यविधि बमोजिम कार्य गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा गाउँ शिक्षा समितिको निर्णय अनुसार हुनेछ ।

आज्ञाले

दिनेश कुमार गौड (कहार)

प्रमुख प्रशासकीय अधिकृत